*॥ शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार : समृद्ध गौरीगङ्गाको आधार ॥*

गौरीगङ्गा नगरपालिकाका नगर प्रमुख श्री देवीदत्त कडेलज्यूद्वारा नगर सभाको अठारौँ अधिवेशनमा प्रस्तुत

# आ.व. २०८२/०८३ को
# नीति तथा कार्यक्रम

**गौरीगङ्गा नगरपालिका**

**कार्यपालिकाको कार्यालय**

**चौमाला, कैलाली,**

**सुदूरपश्चिम प्रदेश, नेपाल।**

गौरीगङ्गा नगरपालिकाको अठारौं नगरसभाको यस ऐतिहासिक तथा गरिमामय उद्घाटन सत्रमा उपस्थित नगरसभाका सम्मानित सदस्यज्यूहरू, गौरीगङ्गा नगरपालिकाको अठारौं अधिवेशनमा यहाँहरू समक्ष प्रस्तुत हुन पाउँदा गौरवान्वित महसुस गरेको छु। उपस्थित सबै सम्मानित नगरसभा सदस्यज्यूहरूलाई नगरप्रमुख तथा यस नगरपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दछु।

यस अवसरमा म नेपालको राजनीतिक, सामाजिक परिवर्तनका लागि भएका विभिन्न आन्दोलनमा बलिदान गर्ने सबै ज्ञात अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। परिवर्तनका लागि भएको संघर्षको दौरानमा घाइते तथा अङ्गभङ्ग भएका सबै नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बेपत्ता हुनुभएका नागरिकहरूप्रति उच्च सम्मान प्रकट गर्दछु।

**नगर सभाका सदस्य ज्यू हरु,**

अब म आगामी आ.व. २०८2/०८3 को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. नेपालको संविधानले निर्देश गरेका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३. दिगो विकासका लक्ष्यले निर्धारण गरेका क्षेत्रहरू
४. क्षेत्रगत विकास नीति र रणनीतिहरू
५. सोह्रौं योजनाका सिद्धान्त तथा नीतिहरू
६. विकासशील देशको स्तरोन्नतिका रणनीतिहरू
७. संघीय सरकार तथा सुदूरपश्चिम प्रदेश सरकारले अङ्गीकार गरेका आर्थिक तथा वित्तीय नीतिहरू र निर्देशनहरु
८. निर्वाचनमा जनतासँग हामीले गरेका प्रतिबद्धताहरू
९. राजश्व श्रोत तथा बजेट सिमा निर्धारण समिति र बजेट तथा योजना तर्जुमा समितिका सिफारिसहरू
१०. नगरसभाका निर्णयहरू र अन्य स्थानीय तहहरूले अवलम्बन गरेका असल अभ्यास, नीति तथा कार्यक्रमहरू
११. विषयगत समिति र शाखाहरूसँगको छलफलबाट प्राप्त सल्लाह तथा सुझावहरू
१२. नगरपालिकाले स्वीकृत गरेका विभिन्न ऐन, नियमावली, नीति र कार्यविधिहरू
१३. विकास साझेदारका रुपमा सँचालित सरकारी तथा गैर सरकारी सँघ सँस्थाहरूसँगको अन्तरक्रियाबाट प्राप्त राय, सल्लाह तथा सुझावहरू।

**सम्मानित नगर सभा सदस्य ज्यू हरु,**

हाम्रा निति तथा कार्यक्रमहरुलाई देहाय बमोजिम प्राथामिकता दिइनेछ।निति तथा कार्यक्रमलाई नै आधार मानेर हाम्रा प्राथामिकताहरु निर्धारण गरेका छौ।

**नीति तथा कार्यक्रमका प्राथमिकताहरू:**

१. गुणस्तरीय र सुलभ स्वास्थ्य सेवा
२. विद्यालय व्यवस्थापन तथा शिक्षा
३. कृषिमा तथा पशुपन्छी विकास
४. पूर्वाधार विकास
५. स्थानीय कला, सँस्कृति, भाषा तथा साहित्यको प्रवर्द्धन, विकास र संरक्षण

६. वन तथा वातावरण संरक्षण र विपद व्यावस्थापन

७. जनमैत्री सार्वजनिक सेवा प्रवाह र सुशासन

८. रोजगारी प्रवर्द्धन

९. भूमि व्यवस्थापन

१०. सहकारी व्यवस्थापन तथा नियमन

११. उद्यम विकास

१२. सूचना प्रविधि र सञ्चार

१३. कानुन तथा न्यय व्यवस्था

१४. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१५. राजस्व प्रणालीमा सुधार तथा बजार व्यावस्थापन

**सम्मानित सदस्यज्यूहरू,**

अब म यस नगरपालिकाको क्षेत्रगत नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## क) गुणस्तरीय र सुलभ स्वास्थ्य सेवा

१. आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन "प्रविधिमैत्री गुणस्तरीय स्वास्थ्य सेवा हाम्रो प्रतिवद्दता " (Technology Friendly Quality Health Delivery Service) भन्ने भनाईलाई साकार बनाउनका लागि स्वास्थ्य संस्थाहरूमा आबश्यक पर्ने जनशक्ति,पुर्वाधार,औषधि,उपकरण,कार्यालय संञ्चालन लगायतका अन्य श्रोतसाधनहरुको अभिवृद्धि गर्दै प्रत्येक स्वास्थ्य संस्थाहरूमा विस्तार गर्दै लगिनेछ।

२. सम्भावित विपद तथा महामारीहरूको समयमै रोकथाम,नियन्त्रण,परीक्षण, उपचार र पूर्वतयारी एवम् व्यवस्थापनका लागि नगरपालिका स्तरीय दुर्त प्रतिकार्य टोली (RRT) तथा टोली परिचालन समिति गठन गरीनुका साथै मलेरीया,डेङ्गी,जापनिजईन्सिफलाईटीस,लगाएतका किटजन्य रोगहरूको रोकथाम तथा नियन्त्रण गर्दै लगिनेछ ।

३. "हाम्रो नगरः स्वस्थ नगर" भन्ने नाराकासाथ गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाहरू वडास्तरमा नै उपलव्ध गराइने छ। नसर्ने रोगहरूको रुपमा रहेका मुख्य रोगहरू जस्तै उच्च रक्तचाप, मधुमेह, मुटुरोग, क्यान्सर, मृगौला रोग, तथा सिकलसेल एनिमिया रोकथाम नियन्त्रणका लागि स्क्रिनिङ्ग गर्ने र जनचेतना कार्यक्रमहरूलाई समुदायस्तरसम्म पुऱ्याइने छ। चिकित्सकीय स्वास्थ्य सेवामा सबै नागरिकहरूको सहज पहुँचका लागि चौमाला प्राथमिक स्वास्थ्य केन्द्र तथा मसुरिया स्वास्थ्य चौकीबाट प्रदान हुदै आएको चिकित्सकीय सेवालाई निरन्तरता दिदै नियमित आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सँस्थाहरूको प्रमुख केन्द्रका रुपमा विकास गरिनेछ । साथै स्वास्थ्य संस्थाहरूमा स्वास्थ्यकर्मीहरूको अभाव नहुने गरी व्यवस्थापन गरिनेछ ।

४. "नागरिकको स्वास्थ्य, नगरपालिकाको जिम्मेवारी" भन्ने नाराकासाथ गुणस्तरीय प्रजनन स्वास्थ्य सेवामा सबै महिलाको पहुँच सुनिश्चित गर्दै आङ खस्ने समस्या र स्तन तथा पाठेघरको मुखको क्यान्सर आदिको समयमै पहिचान गरी उपचार र प्रेषणको व्यवस्था मिलाईने छ। गर्भावस्थामा हुन सक्ने सम्भावित जोखिम पहिचान गरी मातृ तथा नवजात शिशु मृत्युदर घटाउन अल्ट्रासाउण्ड कार्यक्रम लाई नियमित तथा प्रभावकारी तवरबाट सवै वडाहरूमा नियमित संञ्चालनको सुनिश्चितता गरिनेछ।गर्भवति महिलाहरूको लागि निःशुल्क एनोमली स्क्यान (Anomaly-Scan) कार्यक्रम सञ्चालन गरिने छ ।

५. गुणस्तरीय गर्भजाँच, संस्थागत प्रसुतिलाई प्रोत्साहन, उत्तरप्रसुति जाँच गर्ने कार्यलाई प्राथमिकीकरण गरिनेछ । "सुरक्षित संस्थागत सुत्केरी, हामी सबैको साझा जिम्मेवारी" भन्ने नाराकासाथ घरमा हुने सुत्केरी शुन्य बनाई आमा र शिशुको जीवन रक्षाका लागि महिलासँग उपप्रमुख कार्यक्रम मार्फत दिदै आएको नगद पोषण खर्च तथा संस्थागत सुत्केरी प्रोत्साहन खर्च र गर्भवति जाँच उत्प्रेरणारकमलाई निरन्तरता दिइनेछ। घरमा हुने सुत्केरी शून्य तथा सँस्थागत सुत्केरी सङ्ख्या बढाउन स्वास्थ्य सँस्थाहरू र वर्थिङ्ग सेन्टरहरूमा दक्ष प्रसुतिकर्मीहरूबाट सेवा प्रदानको सुनिश्चितता गरिनेछ। गर्भवती महिलाहरूका लागि नगरपालिकाभित्र सहज र निःशुल्क एम्बुलेन्स सेवा उपलव्ध गराई पूर्ण सँस्थागत र सुरक्षित सुत्केरी हुने व्यवस्था मिलाइने छ।सबै वडाहरुलाई बालमैत्री वडा घोषणाको आधार तयार गरिनेछ।

६. राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका कार्यविधि अनुसार प्रोत्साहन कार्यक्रम निरन्तरता दिइने छ । विगत वर्षदेखि दिदै आएको मासिक प्रोत्साहन यातायात खर्च रकम रु. २०००/- लाई निरन्तरता दिइनेछ । हाल सम्मानजनक बिदाईमा दिदै आएको आर्थिक प्रोत्साहन रकमलाई निरन्तरता दिइनेछ। राष्टिय महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका क्षमता विकास गरी आधारभूत स्वास्थ्य सेवा तथा परामर्श सेवा समुदायसम्म पुर्‍याइनेछ । साथै नियमित मासिक समीक्षा/रिपोर्टिङ्ग बैठकमार्फत रिपोर्ट सङ्कलनको कार्यलाई निरन्तरता दिईनेछ।

७. राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका तथा स्वास्थ्यकर्मीहरूको क्षमता अभिबृद्धि तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ।

८. "पुर्ण खोप, सुनिश्चित भविष्य" भन्ने नारालाई मार्गदर्शनका रुपमा लिई विगत वर्ष नियमित खोपमा छुट भएका बालबालिकालाई खोजेर खोप लगाउने कार्यलाई सशक्त बनाउदै जस्तै पुर्णखोप सुनिश्चितता कायम गरिनेछ । खोपबाट बचाउन सकिने रोगहरूको सर्भिलेन्सलाई नियमित एवम खोप तथा औषधि भण्डारणको क्षमता बृद्धि गर्दै मापदण्ड बमोजिमको भण्डार कक्ष तयार गरिनेछ । मानसिक स्वास्थ्यका क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूको समन्वयमा मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिदै लगिनेछ।

९. "स्वस्थ तन, स्वस्थ मन र मस्तिष्क" भन्ने नाराकासाथ बालबालिकाको चौतर्फी विकासका लागि पुर्ण स्तनपान र समयमै थप पुरक खानाको सुरुवात गरिनेछ। गाउघर क्लिनिकहरू नियमित गराई पोषिलो जाउलो प्रर्दशनी मार्फत कुपोषण न्यूनीकरण गरिनेछ।बालवृद्धि अनुगमनलाई निरन्तरता दिईनेछ । आमाको दुधको प्रतिस्थापन गर्ने वस्तुको बिक्री वितरणमा नियमन गरिनेछ।

१०. विद्यालय तथा समुदायमा लागु औषध दुर्व्यसनका हानिकारक प्रभावबारे जागरुकता प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ।" मेरो स्वास्थ्य मेरो जिम्मेवारी भन्ने नारालाई साकार पार्न नागरिक आरोग्य केन्द्रबाट प्रदान हुदै आईरहेका सेवाहरूका लागि औषधिहरूको व्यवस्था मिलाइनेछ। आयुर्वेदिक औषधी वितरण र जीवनशैली परिवर्तन तथा तनाव व्यवस्थापन कार्यक्रम संञ्चलन गरीने छ।, आँखा उपचार ,घुम्ती शिविर एवम् दन्त उपचार शिविरहरू सञ्चालन गरिनेछ।

११. मानसिक स्वास्थ्यमा सुधार, स्वस्थ जीवनको आधार भन्ने नाराकासाथ बढदो मानसिक स्वास्थ्य समस्यालाई न्यूनीकरण गर्न परामर्श र उपचारको व्यवस्था गरिने छ।

१२. विपन्न तथा सामाजिक रुपमा पिछडिएका वर्गहरूको स्वास्थ्य उपचारमा सहज पहुँचका लागि निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिदै थप बिस्तार गर्दै लगिनेछ। बिपन्न नागरिकहरूका लागि औषधि उपचारबापत दिदै आएको औषधि उपचार सहयोगलाई निरन्तरता दिइनेछ।

१३. सबै स्वास्थ्य संस्थाहरूबाट नियमित रुपमा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलव्ध गराइनेछ। नियमित अनुगमन/सुपरिवेक्षण गरी सेवाको अभिलेखीकरणका लागि आवश्यक सामाग्रीहरू उपलव्ध गराइनेछ। प्रदान गरेको सेवाको नियमित रिपोर्टिङ्गका लागि समीक्षा बैठकलाई निरन्तरता दिईनेछ।

१४. आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूबाट सेवा प्रवाह गर्दा कम्तीमा खोप, परिवार नियोजन, गर्भवती एवम् शिशु जाँच, साधारण प्रसुति, नवजात शिशु सेवा, डट्स सेवा, पोषण, मानसिक स्वास्थ्य, नसर्ने रोगहरूको परामर्श तथा स्क्रिनिङ, औषधि वितरण, कार्यलाई निरन्तरता दिइनेछ।

१५. पानीजन्य सरुवा रोगहरूको प्रकोप तथा महामारी नियन्त्रणका लागि खाने पानी तथा सरसफाई समितिहरूलाई अभिमुखिकरण गरिनेछ।खानेपानीको गुणस्तर निगरानी एवम् खाने पानी शुद्धीकरण वा क्लोरीनेसनका लागि खानेपानी तथा सरसफाई समितिहरूलाई जिम्मेवार बनाइनेछ। पानीजन्य सरुवा रोगहरूको प्रकोप तथा महामारी नियन्त्रण गरिनेछ|

१६. निजी स्वास्थ्य संस्थाहरूको दर्ता, नवीकरण र सेवा स्तरको नियमितताका लागि तोकिएको मापदण्ड कार्यान्वयन गर्न अनुगमन प्रकृया प्रभावकारी बनाइनेछ। निजी क्षेत्रबाट उपलब्ध हुने स्वास्थ्य सेवालाई गुणस्तरीय एवं प्रभावकारी बनाईनेछ। स्वास्थ्य क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गरी स्वास्थ्य कार्यक्रमलाई एकद्वार प्रणालीबाट सञ्चालन गर्ने व्यवस्था लागू गरिनेछ ।

१७. सूदुरपश्चिम प्रदेश सरकार तथा रेडक्रस सँग समन्वय गरी संयमसेवी रक्तदाताहरु तयार गर्न रक्तदाता सचेतना कार्यक्रम सञ्चालन गरिने छ। साथै यस नगरका वडाहरुमा रक्तदाता सचेतना अभियान सञ्चालन गरि व्लड डोनर्स क्लव गठन गरिने छ।

## ख) आधारभुत शिक्षा र विद्यालय व्यवस्थापन

१. विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्न, विद्यालयहरुको एकीकरण गरिने छ। बालविकास कक्षा व्यवस्थापन र प्राथमिक तहमा बहुकक्षा बहुस्तर (MGML) शिक्षण विधि अवलम्बन गरिने छ।कक्षाकोठा व्यावस्थापन. शिक्षक कर्मचारीहरूको क्षमता विकास, शिक्षण सिकाइमा पृष्ठपोषण र सुधार गरिने छ। सूचकसहितको नियमित कक्षाकोठा सुपरिवेक्षण गरिने छ। विद्यालयको मर्मत संभार, शिक्षक बैंक (विद्यालयमा कार्यरत कुनै शिक्षक लामो बिदा जस्तैः सुत्केरी/प्रसुति स्याहार/किरिया बिदा बस्नु पर्दा वा नगर अनुदान कोटामा कार्यरत शिक्षकको पद रिक्त भएमा विद्यालयको नियमित पठन पाठनमा बाधा नपर्ने गरी तत्काल शिक्षक खटाउने गरी तह र विषयगत योग्यताक्रमसहित तयार गरिएको प्रतिक्षा सूची) र शैक्षिक प्रोत्साहन जस्ता कार्यक्रममा लगानी वृद्धि गर्दै गौरीगङ्गा शैक्षिक उन्नयन कार्यक्रमलाई निरन्तरता गरिनेछ।

२. विद्यालय जाने उमेरका कुनै पनि बालबालिका विद्यालयबाहिर नरहने गरी (no child left behind) अनिवार्य विद्यालय भर्नाको सुनिश्चितता गरिने छ। अभिभावकविहीन बालबालिकाको अभिभावकत्त्व ग्रहण कार्यक्रमको निरन्तरता गरिनेछ। आर्थिक विपन्न र जेहेन्दार विद्यार्थीलाई चिकित्साशास्त्र (MBBS) अध्ययन गर्न छात्रवृत्तिको व्यवस्था गरिने छ।

३. गुणस्तरीय शिक्षाको आधार परीक्षाको विश्वसनीयता र वैधता अभिवृद्धि सुनिश्चित गर्न शिक्षक कार्यशालामार्फत विषयगत प्रश्न बैंक विकास गरी कक्षा ५ र ८ को नगरस्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापनमा सुधार गरिनेछ।

४. गणित, विज्ञान र अङ्ग्रेजी जस्ता विषयमा सिकाइ उपलब्धि अभिवृद्धि गर्न अतिरिक्त कक्षा सञ्चालन गरिने छ। विषयगत शिक्षक पेसागत क्षमता विकास कार्यशाला, विषयगत शैक्षणिक सामग्री निर्माण कार्यशाला, कक्षा कोठामा विषयगत कुना/कक्ष विकास गरिने छ। शिक्षण सिकाइमा आइ.सी.टी.को प्रयोगलाई प्राथमिकता र गणित, विज्ञान तथा सङ्गीत

प्रयोगशाला, पुस्तकालय निर्माण गरिने छ । परम्परागत शिक्षणशैली सुधार्न शैक्षणिक योजनासहितको कार्यपात्रो, दैनिक शिक्षण योजनासहितको शिक्षक डायरी विकास तथा प्रयोग जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५. विद्यालयको दैनिक पठनपाठन तथा व्यवस्थापकीय कार्यमा सुधार गर्न प्र.अ. र शिक्षकहरूसँग कार्यसम्पादन करार गरी प्रगतिका आधारमा प्रोत्साहन उपलब्ध गराइनेछ ।

६. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र विद्यालय शिक्षाको पाठ्यक्रम अनुसार आधारभूत तहको गौरीगङ्गा स्थानीय पाठ्यक्रम २०८० परिमार्जन तथा सोअनुसारका स्थानीय विषयका पाठ्यपुस्तकहरूमा सुधार गरी छपाइ तथा वितरणलाई निरन्तरता दिइनेछ।

७. प्राविधिक शिक्षामा सुधारका लागि सञ्चालन अनुदान उपलब्ध गराइने छ । यसमा विद्यार्थीको आकर्षण बढाउन आर्थिक रुपले विपन्न, अपाङ्गता भएका, दलित, महिला, लगायतका बालबालिकालाई प्राविधिक शिक्षा प्रोत्साहन छात्रवृत्ति निरन्तरता दिईनेछ ।

८. बालबालिकाको सर्वाङ्गीण विकासकासाथै अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्न गराउन विद्यालय, वडा र नगरपालिकास्तरमा सिर्जनात्मक शुक्रबार अन्तर्गत नियमित खेलकुद र अतिरिक्त क्रियाकलापहरू आयोजना गरिनेछ।

९. अभिभावकसँग नगरप्रमुख कार्यक्रममार्फत सामुदायिक विद्यालयमा सरोकारवाला र अभिभावकको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्न अभिभावक शिक्षा, गुनासो सुनुवाइ सँयन्त्र लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०. संस्थागत विद्यालयहरूको नियमित सुपरिवेक्षण, नियमन गर्दै क्षमता विकास, सामाजिक उत्तरदायित्त्व र पारदर्शिता प्रवर्द्धन गरिने छ । संस्थागत विद्यालयहरूलाई सुशासन र जवाफदेही बनाउन नगरपालिकाको रहोबरमा प्रचलित कानुनअनुसार छात्रवृत्ति वितरण गर्न लगाई सार्वजनिक गरिनेछ ।

११. यस नगरपालिकाभित्र सामुदायिक विद्यालय स्थापनामा महत्त्वपूर्ण योगदान गरेका र लामो समयदेखि उक्त विद्यालयमा हालसम्मै कार्यरत तर नेपाल सरकार वा यस नगरपालिकाबाट नियमित तलब भत्ता वा अनुदान प्राप्त नगरिरहेका शिक्षकहरूको योगदानको उच्च कदर गर्दै ससम्मान बिदाइ गरिने छ ।

१२. यस नगरपालिकाका शैक्षिक योग्यता पुगेका, लोक सेवा र शिक्षक सेवा आयोगको प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुन इच्छुक र आर्थिक अवस्था कमजोर भएका युवाहरूका लागि लोक सेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षाहरू सञ्चालन गरी दिगो र सम्मानित रोजगारीका लागि तयार गरिने छ ।

१३. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न सरोकारवाला र विज्ञहरूको सहयोगमा दसवर्षे शिक्षा क्षेत्र योजना तर्जुमा गरी लागू गरिनेछ।

१४. गौरीगङ्गा मेयर कप, उपमेयर कप आधारभूत तह फुटबल, ग्रास रुट खेलकूद आदि आयोजना गरी विद्यालय र गाउँटोलमा नियमित खेलकुद तथा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिने छ । गाउँघरबाट खेल प्रतिभा प्रस्फुटनका लागि खेलमैत्री वातावरण निर्माण गर्दै स्वस्थ, अनुशासित र जिम्मेवार नागरिक विकासमा जोड दिइनेछ।

१५. युवाहरूलाई लागूपदार्थ दुर्व्यसनी लगायतका कुलतबाट बचाउन र खेलकुदमा सक्रिय रहन तोकिएका मापदण्डका आधारमा समूह/क्लबहरूलाई खेलकुद सामग्री उपलब्ध गराइने छ ।

## ग) कृषि तथा पशुपन्छी विकास

१. कृषिको उत्पादन र उत्पादकत्व बढाउन खेती योग्य जमिनको माटो परीक्षण गर ी माटो सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

२. जलवायु परिवर्तनले कृषि क्षेत्रमा पारेको असरलाई न्यूनीकरण गर्न तथा वातावरण मैत्री कृषि प्रविधिको प्रयोग गर्दै रैथाने बालीलाई उत्पादनमा जोड दिइनेछ।

३. धान बालीको उत्पादन बढाउन राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सवलाई निरन्तरता दिईनेछ ।

४. आलुबालीको क्षेत्र विस्तार,आलु चिप्सको व्यवसायीकरण र उत्पादकत्व अभिवृद्धि गर्दै लगिनेछ ।

५. कृषि उत्पादन वृद्धि गर्न कृषकहरूलाई बगर खेती, सामुहिक खेती, करार खेती र सहकारी खेतीमा जोड दिईने छ। सिचाई आयोजनामा सहुलियतको व्यवस्था गरिनेछ। कृषकहरूको मागका आधारमा साझेदारीमा आधारित बिउ-बिजन सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

६. कृषक/कृषक समूह/कृषि सहकारी तथा फर्महरूलाई मौसमी तथा बेमौसमी तरकारी उत्पादनमा जोड दिई कृषिमा आत्मनिर्भर बनाइनेछ ।

७. कृषि उत्पादनहरूको भण्डारण र बजारीकरण गर्नकोल्ड च्याम्बर, तरकारी सङ्कलन केन्द्र, पशुपन्छी संकलन केन्द्र, कृषि तथा पशु हाट बजारको स्थापना र कृषि एम्वुलेन्स व्यवस्था गरिने छ ।

८. कृषि क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकासका लागि कृषक र कृषि प्राविधिकहरूलाई सरकारी तथा गैर-सरकारी कृषिफर्ममा अवलोकन भ्रमण मार्फत अध्यायन गराईने छ ।

९. नगरपालिका क्षेत्रभित्र रहेका कृषकहरूको परम्परागत खेतीमा लाग्ने लागत घटाई आधुनिक खेती प्रणालीमा रुपान्तरण गर्दै कृषि यान्त्रीकरण सामाग्रीमा सहुलियत दिइनेछ।

१०. पशुपालन पकेट क्षेत्रहरू निर्धारण गरी एक गाउँ एक उत्पादन कार्यक्रमलाई व्यवसायीकरण गर्दै लगिनेछ । एक वडा एक प्राविधिक को व्यावस्था गरिनेछ।एक पालिका एक भेटेरिनरी डाक्टरको व्यवस्था कार्यान्वयन भईसकेको छ। पशुपन्छी उपचार, कृत्रिम गर्भाधान, पशु आहार, नश्ल सुधार र पशु स्वास्थ्य सेवा बिस्तार गरी आत्मनिर्भर बन्न प्रोत्साहान गरिनेछ ।

११. सामुदायिक पशु चौपायाहरुलाई गौशाला निर्माण गरी व्यवस्थापन गर्दै लगिने छ ।

१२. क्षमता विकासका लागि पशुपालन कृषक र कर्मचारीहरूलाई तालिम तथा जिल्ला भ्रमणमा सहभागी गराइने छ ।

१३. सामुदायिक वन समितिको सहकार्यमा नगरपालिकाभित्र रहेका सामुदायिक पशु चौपायाहरूलाई नियन्त्रण तथा व्यवस्थापन गरिने छ । पशु चौपायामा ट्याग तथा अभलेखिकरण कार्यक्रम सञ्चालन गरिएको छ। सामुदायिक पशुलाई बन्ध्याकरण, परजिवि नियन्त्रण गरिने छ। गौशालाको स्तरउन्नति गरी उन्नत जातको साँढेबाट गौशालामा रहेका गाईहरूको प्रजनन गराई उत्पादनमुखी बनाईने छ ।

१४. किसान सूचीकरण कार्यक्रम सञ्चालन गरी गरिव, विपन्न, दलित, जनजाति वर्गका कृषकलाई बाख्रा, बंगुर ,कुखुरा ,हाँस वितरण कार्यक्रमबाट आय आर्जनमा जोड दिइनेछ ।

१५. विदेशबाट फर्केका शिक्षित वेरोगार युवालाई व्यवसायिक कृषि तथा पशुपालन व्यवसाय /सञ्चालन गर्न गाई,भैसी / बंगुर, बाख्रा, कुखुरा र हाँसको मोडेल फार्म स्थापना गर्न प्रोत्साहन गरिनेछ। दुध अण्डा र मासुमा आत्मनिर्भर बन्न पशुपालन समुह तथा फार्ममा पशुपन्छी औषधी वितरण गरिनेछ।

१६. अव्यवस्थित तथा करको दायरामा नआएका मासु पसल, एग्रोभेट, को नियमित अनुगमन गरि करको दयारामा ल्याइनेछ। सफा स्वच्छ र ताजा मासु उत्पादनमा जोड दिन व्यवसायीलाई तालिमको व्यवस्था मिलाईनेछ।

१७. रेविज रोग नियन्त्रण तथा रोकथाम गर्न सामुदायिक कुकुरलाई बन्ध्याकरण गरिने छ। रेविज विरुद्धको खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ। समय समयमा पशुहरूमा फैलिने रोगको नियन्त्रण तथा रोकथामको कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. नगरपालिकाभित्रका कृषि कार्यमा संलग्न उत्कृष्ठ पशुपालक कृषकलाई प्रोत्साहान कार्यक्रम संचालन गरिने छ ।

## घ) पूर्वाधार विकास

१. "दिगो र व्यवस्थित पूर्वाधार, समृद्धिको आधार" को अवधारणा बमोजिम गौरीगङ्गा नगरपालिकालाई "समृद स्वच्छ, सफा, हरियाली युक्त र सुरक्षित नगरको" रुपमा विकास गर्न एकीकृत शहरी विकास गुरु योजना तयार गरी व्यवस्थित, सन्तुलित र दिगो शहरी पुर्वाधारहरू निर्माणमा प्राथमिकता दिइनेछ।नगरपालिकाका मुख्य सडकहरु कालोपत्रे बनाउनमा जोड दिइने छ।

२. बालमैत्री तथा अपाङ्गतामैत्री पूर्वाधार निर्माणलाई निरन्तरता दिईनेछ। भवन निर्माण मापदण्ड कडाईका साथ लागु गरिनेछ।

३. "उज्यालो गौरीगङगा" कार्यक्रम अन्तर्गत नेपाल बिधुत प्राधिकरणसँगको सहकार्यमा नगरपालिकाका मुख्य सडक बजार क्षेत्रहरूमा स्मार्ट सडक बती, हाईमास्ट एवम् मिनि मास्ट बती जडान र विस्तारको कार्यलाई निरन्तरता दिइनेछ ।

४. पुर्वाधार विकासको कार्यलाई व्यवस्थित गर्न "परियोजना बैंक तयार गरिनेछ ।

५. नगरपालिकामा घर नक्सा पास प्रक्रियालाई विद्युतीय प्रणालीमा लगिनेछ।

६. भवन निर्माणमा संलग्न निमार्णकर्मी, प्राविधिकहरुलाई भुकम्प प्रतिरोधी भवन निर्माण गर्न उत्प्रेरित गरिने छ।

७. फोहरलाई श्रोतमा नै अनिवार्य वर्गीकरण गर्न प्रेरित गरिनेछ।वर्गीकृत नगरी फोहर उत्सर्जकहरूलाई दण्ड जरिवाना गर्ने निति अवलम्बन गरिनेछ।

८. प्लास्टिक झोलाको प्रयोगलाई निरुत्साहित गरिनेछ। सार्वजनिक स्थलहरूको सरसफाइलाई विशेष ध्यान दिइनेछ।

९. वातावरण संरक्षण र हरियाली प्रवर्धनका लागि निजी क्षेत्र तथा व्यवसायिक संघ संस्थासँग समन्वय गरिनेछ।

१०. वातावरणीय सन्तुलन कायम गर्न सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई वृक्षारोपण र संरक्षण उत्प्रेरित गरिनेछ।

११. गौरीगंङ्गा उद्योग वाणिज्य सँघ, होटल व्यवसायी, बजार व्यवस्थापन समिति लगायतका सरोकारवालाहरूसँगको सहकार्यमा समग्र नगरपालिकाको सरसफाई तथा प्राकृतिक सौन्दर्य अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## ङ) स्थानीय कला, सँस्कृति, भाषा तथा साहित्यको प्रवर्द्धन, विकास र संरक्षण

१. बहुलसँस्कृति तथा साँस्कृतिक सम्पदाहरुको सँरक्षण, मौलिक सँस्कृतिको जगेर्ना, पर्यटन प्रवर्द्धन र सबै समुदायको धार्मिक, भाषिक सञ्चार एवम् साँस्कृतिक मूल्यमान्यताको अभिवृद्धि गरिनेछ।

## च) बन तथा वातावरण सँरक्षण र विपद व्यवस्थापन

१. विपद् उत्थानशील विकासको अवधारणा अनुरुप विकास निर्माण तथा योजना कार्यान्वयन गर्ने नीति अवलम्बन गरिने छ ।

२. सबै वडा कार्यालयहरूमा विपद् व्यवस्थापनका आधारभूत सामग्री भण्डारणको व्यवस्थालाई थप प्रभावकारी बनाइने छ।

३. स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रको प्रभावकारिता बढाई विपद् सूचना प्रणालीलाई वडा तथा समुदाय तहबाट प्रादेशिक तथा राष्ट्रिय प्रणालीसम्म सूचना समन्वय बढाइनेछ ।

४. वडा स्तरमा गठित विपद् व्यवस्थापन समिति तथा स्वयंसेवक परिचालनलाई प्रभावकारी बनाइनेछ । वडा, समुदाय तथा विद्यालयहरूमा विपद् प्रतिकार्य सम्बन्धी कार्यक्रम विस्तार गरिनेछ।

५. बहु प्रकोप जोखिम विश्लेषण अध्ययन गरी विपद् व्यवस्थापनका क्रियाकलापहरू सञ्चालन गरिनेछ।

६. विपद् व्यवस्थापनमा संलग्न संस्थागत समितिहरू तथा टोल विकास समितिलाई क्रियाशील बनाउँदै विपद् व्यवस्थापन तालिम प्रदान गरिनेछ ।

७. मनसुन सम्बन्धी सूचनालाई व्यापक प्रचारप्रसार गर्दै नदी कटान न्यूनीकरण गर्न जैविक तटवन्धन निर्माणलाई प्राथमिकता दिइनेछ ।

८. विपद पूर्व तयारीकालागी सुचनामुलक सन्देश तयार गरी संचार माध्यमहरुबाट प्रशारण गरिनेछ।

९. विपद प्रभावित नागरिकहरुलाई राहत व्यवस्थापनमा एकरूपताका लागि राहत वितरण मापदण्ड तयार गरी सोहि बमोजिम राहत प्रदान गरिनेछ ।

१०. विपदव्यवस्थापन कार्यलाई प्रभावकारी बनाउदै नदीको किनारमा जैविक तटबन्धन गर्न उत्प्रेरित गरिने छ।

११. खरका छाना भएका घर परिवारका लागि जनता आवास कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१२. बजार क्षेत्रमा ढल निकास सम्बन्धी कार्यलाई क्रमशः विस्तार र व्यवस्थित गरिनेछ। मुख्य बजार क्षेत्रमा ढल निर्माण गरेर मात्र पक्की सडक निर्माण गर्ने कार्य अगाडि बढाइनेछ।

१३. विपद पूर्व तयारीका लागि सूचनामुलक सन्देश तयार गरी सञ्चार माध्यमहरूबाट प्रशारण गरिनेछ।

१४. प्राकृतिक प्रकोप तथा विपदको जोखिममा परेका व्यक्ति र परिवारलाई तत्स्थान तत्काल सहायता (support on the spot) कार्यक्रम निरन्तरता दिइनेछ।

## छ) जनमैत्री सार्वजनिक सेवा प्रवाह र सुशासन

१. गौरीगङ्गा नगरपालिकाको संगठन पुनरावलोकन गर्न O and M Survey गरिनेछ।

२. कर्मचारी कार्यविवरण र आचारसहिता बनाई लागु गरिनेछ।

३. कर्मचारीको कार्य व्यवहारलाई पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन आवश्यक कानूनी प्रवन्ध र तालिमको व्यावस्था गरिनेछ।

४. सार्वजनिक सुनुवाई र गुनासोको ब्यबस्थापन गरिनेछ |

५. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA (Local Institutional Self Assesment ) तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

६. नगरपालिका दिवसका अबसरमा जनप्रतिनिधि तथा कर्मचारीहरूलाई प्रदान गरिने पदक, सम्मान र पुरस्कारलाई निरन्तरता दिइनेछ |

७. नगरपालिकालाई सेवाग्राहीमैत्री कार्यालयकारुपमा विकास गर्न नागरिक सहायता(help desk) कक्षलाई प्रभावकारी बनाइनेछ।

८. नागरिक समाज र निजी क्षेत्रबिच समन्वय र सहकार्य वृद्धि गर्दै नगरपालिकाबाट प्रदान गरिने सेवा, सुविधा र अवसर विद्युतीय सूचना प्रविधियुक्त बनाइनेछ।

## ज) रोजगारी प्रवर्द्धन

१. श्रम स्वीकृती लिई बैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको अवस्थामा र बैदेशिक रोजगार बोर्डले प्रदान गर्ने कल्याणकारी कोषको सेवा सम्बन्धी सूचना वडागत रुपमा गरिनेछ।

२. "सिप सिकौं रोजगार बनौं" भन्ने उदेश्यले मागमा आधारित तालिम संचालन गरी आत्मनिर्भर हुने तर्फ अभिप्रेरित गराइनेछ।

३. सुचीकृत बेरोहरुको जीवनयापनमा सहजता ल्याउन राष्ट्रीय रोजगार प्रवर्तन कार्यक्रम संचालन गरिनेछ।

## झ) भूमि व्यवस्थापन

१. भूमिहीन सुकुम्बासी तथा अब्यबस्थित बसोबासीहरूको व्यवस्थापन गरिनेछ।

२. यस नगरपालिकाभित्रका सरकारी र सार्वजनिक जग्गाहरू संरक्षण गर्न अतिक्रमण गरी बनाइएका अवैध संरचनाहरू हटाइने छ।

## ञ) सहकारी व्यवस्थापन तथा नियमन

१. सहकारी संस्थाको एकीकरणलाई प्रोत्साहन गर्दै लगिनेछ।

२. सहकारी संस्थाहरूको अनुगमन र नियमन कार्यलाई थप प्रभावकारी बनाइने छ।

३. डिजिटल कारोवारलाई प्रोत्साहन गर्दै सहकारी तथा गरीवी सम्बन्धि सूचना व्यवस्थापन प्रणाली मा (COPOMIS) सहकारी संस्थाको आवद्धतालाई अनिवार्य गराइनेछ।

## ट) उद्यम विकास

१. आर्थिक तथा सामाजिक रुपमा पछी परेका वर्गको जिविकोपार्जनमा सुधार ल्याउन सीप विकास, उद्यमशिलता विकास, आय आर्जन तथा स्वरोजगारका कार्यक्रमहरू उद्यम विकास शाखा मार्फत सञ्चालन गरिने छ।

२. एक गाउँ एक उत्पादन तथा एक घर एक रोजगार नीति अवलम्बन गरिनेछ।

३. उद्योग तथा ब्यवसायमा महिलाको सहभागिता बढाउन स्थानीय कलालाई उद्यमशीलतामा बदल्न तालिमहरु सञ्चालन गरिनेछ।

४. उद्योग तथा ब्यवसायको क्षमता विकास गर्न आवश्यकता आधारमा प्रविधिमा अनुदानका कार्यक्रमहरू सञ्चालन गरिने छन।

५. व्यवसायिक फर्म, पसल दर्ता, अनुमति नबिकरण तथा खारेजीको सहज व्यवस्था मिलाईनेछ।

६. नया लघु घरेलु तथा साना उद्योगको विकासका लागि स्थानीय सहकारी संस्थाहरूसित समन्वय र सहकार्यमा जोड दिईने छ।

७. उत्कृष्ट व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिने छ।

८. स्थानीय उत्पादनको वजारीकरणका लागि मेला महोत्सवको प्रवर्द्धन गरिनेछ।

९. उपभोक्ताहरूको हित संरक्षणका लागि बजार अनुगमन गरिने छ।

१०. स्थानीय उत्पादनको बजारीकरणका लागि कोशेली घर स्थापना गरिनेछ।

## ठ) सूचना प्रविधि र सञ्चार

१. स्थानीय प्रशासनको समन्वयमा नगरपालिकाको मुख्यमुख्य चोक र बजार क्षेत्रमा CCTV क्यामेराहरू जडान गरी अपराध नियन्त्रणमा जोड दिईनेछ।

२. आम संचारका साधनहरुसंग समन्वय गरी सूचना प्रवाहलाई व्यावस्थित बनाइनेछ।

## ड) कानून तथा न्याय व्यवस्था

१. आवश्यक ऐन, कानून, कार्यविधि, निर्देशिका, मापदण्ड तर्जुमा गरी प्रकाशन गरिनेछ ।

२. न्यायिक समितिले प्रवाह गर्ने न्यायिक कार्यलाई प्रभावकारी बनाउन मेलमिलापकर्ताको क्षमता विकास गर्दै वडा मेलमिलाप केन्द्र विस्तार तथा स्तर उन्नतीलाई निरन्तरता दिइने छ ।

३. नगरपालिकाले नगर बासीहरूको न्यूनतम मानब अधिकारको सुनिश्चितता गर्नेछ।

४. न्यायिक समितिले गरेको फैसलाको कार्यान्वयन र न्यायिक निकायबाटभएका फैसला वा निर्देशनको कार्यान्वयनका लागि सहजिकरण गरिनेछ ।

## ढ) महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१. लक्षितवर्गका महिलाको सशक्तीकरण गर्न बञ्चितिमा परेका महिलालाईमूलप्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गरी लैङ्गिक समानता, नेतृत्त्व विकास, प्रजनन स्वास्थ्य, जीवनउपयोगी शिक्षा, आयमूलक सीपको विकास, जस्ता क्षमताअभिवृद्धिका कार्यक्रमलाई निरन्तरता दिइनेछ

२. जोखिममा परेका बालबालिका अनाथ, सडक बालबालिका, आर्थिक अवस्था कमजोर तथा विपदमा परेका बालबालिकाको संरक्षण, घर परिवारमा पुनर्मिलन गराइने र शिक्षामा व्यवस्थामा जोड दिन बालकोषलाई निरन्तरता दिइने छ ।

३. साइबर अपराध नियन्त्रण गर्न सचेतनामूलक कार्यक्रमहरूमा जोड दिइनेछ ।

४. विद्यालय भित्र तथा बाहिर रहेका बालबालिकालाई समेटेर बालक्लब गठन गरी बालअधिकार र बाल संरक्षणमा जोड दिनुका साथै तथा बालहिंसा न्यू
नीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

५. बालमैत्री शासन अवलम्बन गर्दै बालमैत्री बालविबाहमुक्त र बालश्रम मुक्त वडा घोषणाका लागि अभियान कार्यक्रम सञ्चालन गरिनेछ

६. अपाङ्गता भएका व्यक्तिको मर्यादित र आत्मनिर्भर जीवन निर्माणका लागि क्षमता विकासका कार्यक्रम र सामग्री वितरण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

७. अपाङ्गता भएका व्यक्तिको लागि परिचयपत्र वितरणमा निरन्तरता दिइनेछ।

८. महिला हिंसा विरुद्ध हुने सबै किसिमका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण तथा वित्तीय साक्षरता, कानुनी साक्षरता र सशक्तिकरणका कार्यक्रम वडाहरुमा सञ्चालन गरिने छ।

९. आर्थिक सामाजिक लैङ्गिक रुपमा पछाडि परेका महिला, बालबालिका, एकल महिला, जनजाती, दलित, मुक्त कमैया, मुक्त हलिया, मुक्त कमलरी, सीमान्तकृत समुदाय, द्वन्दपीडित, शहीद परिवार, जनआन्दोलन, लगायत विभिन्न आन्दोलनबाट प्रभावित परिवार र अपाङ्गता भएका व्यक्तिहरूको बहुआयामिक सशक्तीकरणमा जोड दिदै कानुन निर्माण गरी क्रमश कार्यान्वयनमा लगिने छ ।

१०. दलित समुदायको सर्वाङ्गीण विकासका लागी पालिकाले दलित सशक्तिकरण ऐन निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**ण)राजस्व प्रणालीमा सुधार तथा बजार व्यवस्थापन**

१. व्यवसायीहरूलाई करदाता शिक्षामा आवद्ध गरी करको दायरा वृद्धि गर्ने उद्देश्यले "गौरीगङ्गाको विकासमा हाम्रो योगदान, नियमित कर तिर्नु जिम्मेवार नागरिकको पहिचान" भन्ने नारालाई निरन्तरता दिई आ.व. २०८२/०८३ लाई राजश्व लक्ष्य पुरा गर्ने वर्ष कायम गरिने छ ।

२. व्यवसाय करलाई समय सापेक्ष पुनारावलोकन गरी सबै करदातालाई करको दायरामा ल्याइनेछ ।व्यवसाय करलाई व्यवस्थित गर्नका लागि व्यवसायहरूको वर्गीकरण गरी सोही वर्गिकरणको आधारमा करको दरहरू निर्धारण गरिनेछ ।

३. असल करदाताहरूलाई करदाता सम्मान कार्यक्रम मार्फत सम्मान गरिनेछ ।

४. करदाताले पेश गरेको सम्पत्ति विवरणलाई अध्यावधिक गरिने छ। मालपोत तथा नापी कार्यालयसँग समन्वय गरी कर सूचना प्रणाली लाई भुसूचना (GIS Based) प्रणालीमा आवद्धता गरी कर म्यापिङ्ग (Tax Mapping) गर्न सकिने सफ्टवेयर कार्यान्वयनमा ल्याइनेछ ।

५. स्थानीय कर तथा गैरकर राजश्वलाई प्रभावकारी अनुगमनका लागि क्षेत्रगत रुपमा कार्य जिम्मेवारीसहितको कार्यदल परिचालनलाई निरन्तरता दिई यस नगरपालिकाभित्र रहेका सार्वजनिक पोखरी, तालतलैया, सामुदायिक वनहरूको स्थलगत निरीक्षण, पहिचान गरी राजश्वको दायरामा ल्याउने नीति अवलम्बन गरिने छ ।

६. राजश्व चुहावट नियन्त्रण गरी कर सहभगिता अभिवृद्धि गर्न बजार तथा सहकारी संस्थाहरूको नियमित अनुगमन गरिनेछ।

७. नगरपालिकाभित्रका सार्वजनिक स्थल र विभिन्न नदीहरूबाट नदीजन्य पदार्थ, बालुवा, ग्राभेल, ढुङ्गा,माटो आदि उठाउने तथा बिक्री वितरणको कार्यलाई दिगो विकासमा आधारित र वातावरणमैत्री बनाइनेछ ।

८. राजश्वका स्रोत (ढुङ्गा, गिट्टी, बालुवा;) कवाडी कर, विज्ञापन कर; निकाशी कर एवम् तालहरूको ठेक्का आदि सबैमा खुला प्रतिस्पर्धा बनाई राजश्व सङ्कलन कार्य पारदर्शी र व्यवस्थित गरिनेछ ।

९. नगरपालिकाको सुन्दरता नबिग्रने र सर्वसाधारणको सुरक्षामा कुनै आँच नआउने गरी मापदण्डबमोजिम स्वीकृत विज्ञापन सामग्रीहरू राख्ने व्यवस्था मिलाई विज्ञापन करलाई निरन्तरता दिइनेछ ।

१०. सबै बजारहरूलाई स्थानीय बजार व्यवस्थापन समितिको सहकार्यमा स्वच्छ, सफा र सौन्दर्यता कायम गर्न बजार व्यवस्थापन समिति गठन गरिनेछ। नियमित सरसफाइ, उपभोक्ता सचेतना, फोहरमैला व्यवस्थापन लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

११. सबै व्यवसायीहरूको वर्गीकृत तथ्याङ्क सङ्कलन गरी नियमित अनुगमन तथा नियमन गरिने छ । हाल दर्ता नभई सञ्चालनमा रहेका सबै व्यवसायहरू दर्ता गराइ करको दायरा फराकिलो बनाईनेछ।

१२. बजारमा मूल्यमा एकरुपता र सुशासन प्रवर्धनका लागिसबै पसल तथा बिक्रीस्थलहरूमा अनिवार्यरुपमा मूल्यसूची राख्न लगाइनेछ। व्यापार व्यवसायका क्षेत्रमा कालोबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने कार्यालाई निरुत्साहित गरिनेछ।

१३. यस नगरपालिकाभित्र सञ्चालित विभिन्न मिल, ट्याक्टर, अटोरिक्सा आदिको भाडा दर एकरुपता गरिने छ ।

**अन्त्यमा,**

यस गौरीगङ्गा नगरपालिकाको समग्र विकास र समृद्धिको यात्रामा निरन्तर सहयोग पुर्याउँदै आउनुभएका राजनीतिक दल, नगरपालिकामा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरु तथा सुरक्षाकर्मी, मजदुर, किसान, उद्योगी, व्यवसायी, सहकारी, बैंक तथा वित्तीय सँस्थाहरू, समुदायमा आधारित सँघ सँस्था, नागरिक समाज, सञ्चारकर्मी लगायत सम्पूर्ण नगरबासी दिदीबहिनीहरू तथा दाजुभाईहरूमा हार्दिक धन्यबाद ब्यक्त गर्दै आगामी दिनमा समेत निरन्तर साथ र सहयोग प्राप्त भइरहने बिश्वास ब्यक्त गर्दछु ।

**धन्यबाद**

**देविदत्त कंडेल**
नगर प्रमुख
गौरीगङ्गा नगरपालिका
चौमाला, कैलाली
मिति: २०८२।०३।१०